नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद् व्यवस्थापन शाखा)

सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:
cdms.mofaga@gmail.com


प.सं.:-वा.त.वि.व्य.शा./०७६/०७७
च.नं.:-४४८

मितिः २०७७/०१/०७

विषयः निर्णय कार्यन्वयन सम्बन्धमा ।

श्री स्थानीय तह, (सबै) ।

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. १४५ मिति २०७६/११/२९ को पत्र मार्फत स्थानीय तहमा संरक्षण लगायत विभिन्न विषयगत क्षेत्र समितिको गठनका लागि अनुरोध भई आएको व्यहोरा पेश हुँदा संरक्षण क्षेत्र लगायत सबै विषयगत क्षेत्र समिति गठन र परिचालनको लागि आदेशानुसार अनुरोध छ । साथै विस्तृत जानकारीको लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. १४५ मिति २०७६/११/२९ को पत्र तथा सोसंग संलग्न विवरण यसै साथ प्रेषित गरिएको व्यहोरा पनि जानकारीको लागि अनुरोध छ ।

२०७७/१/८

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री महिला, बालबालिका तथ ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री सूचना तथा प्रविधि शाखाः पत्र वेबसाइटमा अपलोड गरिदिनु हुन ।

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

(नीति योजना तथा अनुगमन शाखा)
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या ०७६/७७
च.नं. :- १४५

मिति:२०७६/११/२९

विषयः- निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
(प्रादेशिक योजना तथा विपद व्यवस्थापन महाशाखा),
श्री गृह मन्त्रालय,
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार ।

प्रस्तुत विषयमा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, को दफा ८ (त) एवं राष्ट्रिय विपद प्रतिकार्य कार्यढाँचा २०७० को ५.२ बमोजिम यस मन्त्रालय र महिला तथा बालबालिका विभागले संरक्षण विषयगत क्षेत्रको रणनीतिक कार्ययोजना २०७३ तयार गरी कार्यान्वयनमा ल्याएको ब्यहोरा अवगत नै छ ।सो रणनीतिक कार्ययोजनाको दफा ४ मा कार्यान्वयन संयन्त्र एवं जिम्मेवार निकायहरु शीर्षकको ४.१.१ मा **संरक्षण क्षेत्र समन्वय समिति गठन** गर्ने व्यवस्था बमोजिम सोही दफाको (क) मा संरक्षण क्षेत्रको केन्द्रमा समन्वय समिति गठन हुने, प्रदेश र स्थानीय तहमा आवश्यकता अनुसार समन्वय समिति हुने छ भन्ने प्राब्धान उल्लेख गरिएको छ ।सोही दफाको (ख) मा व्यबस्था भए अनुसार माननीय महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री ज्यूको संयोजकत्वमा १८ सदस्यीय संरक्षण क्षेत्रको केन्द्रीय समन्वय समिति गठन भएको ४.१.२ मा व्यवस्था भएकमोजिम महिला तथा बालबालिका विभागको महानिर्देशकको संयोजकत्वमा ८ सदस्यीय कार्यान्वयन समिति गठन भई विपद प्रतिकार्यको कार्य भईरहेको छ । साविकमा जिल्लास्तरमा महिला तथा बालबालिका कार्यालयले गरि आएको संरक्षण विषयगत क्षेत्रको कार्य उक्त कार्यालयहरु स्थानीय तहमा समायोजन भएपश्चात यस विषयमा प्रदेश र स्थानीय तहमा समन्वय गर्न कठिनाई भएको सन्दर्भमा संघीय संरचना अनुरुप **प्रदेशस्तरीय संरक्षण विषयगत क्षेत्र समिति गठनका लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय मार्फत प्रदेश सरकारलाई, जिल्ला स्तरीय संरक्षण विषयगत क्षेत्र समिति गठनका लागि गृह मन्त्रालय मार्फत जिल्ला प्रशासन कार्यालयलाई र स्थानीय तहमा संरक्षण विषयगत क्षेत्र समिति गठनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्थानीय** तहहरुलाई अनुरोध गर्ने भनी संरक्षण विषयगत क्षेत्र केन्द्रीय समन्वय समितिको मिति २०७६/११/२७ को बैठकको निर्णयका साथै यस मन्त्रालयको मिति २०७६/११/२८ को (मन्त्रीस्तर) निर्णय बमोजिम उक्त समितिहरुको गठन र ToR प्रस्ताव समेत संलग्न गरी आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

२०७६।१०

सबिता कार्की
उप सचिव

**सादर अवगतार्थ**
श्रीमान् मुख्य सचिव ज्यू
मुख्य सचिवको सचिवालय, नेपाल सरकार ।

**बोधार्थ**
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

01C

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
**महिला तथा बालबालिका विभाग**
ललितपुर

फोन नं. ५५२३८२७
५५४७०१५
फ्याक्स : ५५२१२१४
E-Mail:
departmentwc@gmail.com
Web site:www.dwd.gov.np

पत्र संख्या :- ०७६।७७
चलानी नं.:- ८०

मिति : २०७६।०५।०३

विषय : संरक्षण विषयगत क्षेत्र सम्बन्धमा ।

श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
नीति, योजना तथा अनुगमन शाखा
सिंहदरवार ।

उपर्युक्त विषयमा तहाँको च.नं. २७ प.सं. ०७६/७७ मिति २०७६/०४/२० को पत्र प्राप्त भै व्यहोरा अवगत भयो । सो सम्बन्धमा विपद्को अवस्थामा पीडित तथा प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा यौनिक तथा अल्पसङ्ख्यकहरुको संरक्षणका लागि आवश्यक कार्य गर्न प्रदेश तथा स्थानीय स्तरमा संरक्षण विषयगत क्षेत्र गठन गर्ने व्यवस्थाका लागि तहाबाट माग भएबमोजिम सम्भावित संरक्षण विषयगत क्षेत्रको खाका र कार्यादेश (TOR) तयार पारी यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

शान्ता भट्टराई
नि. महानिर्देशक

## गाउँपालिका/ नगरपालिकास्तरीय संरक्षण विषयगत क्षेत्र समन्वय समिति

१) गाउँपालिका/नगरपालिकास्तरीय संरक्षण विषयगत क्षेत्र समन्वय समितिको संरचना देहायवमोजिम हुनेछः

| | |
|---|---|
| क) गाउँपालिका/नगरपालिका उपाध्यक्ष/ उपप्रमुख- | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत- | सदस्य |
| ग) गाउँपालिका/नगरपालिकाको स्वास्थ्य महाशाखा/शाखाको प्रमुख- | सदस्य |
| घ) गाउँपालिका/नगरपालिकाको शिक्षा महाशाखा/शाखाको प्रमुख- | सदस्य |
| ङ) गाउँपालिका/नगरपालिकाको विपद् व्यवस्थापन/महाशाखा/शाखा प्रमुख- | सदस्य |
| च) स्थानीय प्रहरी प्रमुख- | सदस्य |
| छ) बालकल्याण अधिकारी- | सदस्य |
| ज) संरक्षणको क्षेत्रमा कार्यरत संघ संस्था प्रमुख/प्रतिनिधि- | सदस्य |
| झ) नेपाल रेडक्रस सोसाइटी प्रतिनिधि- | सदस्य |
| ञ) गाउँपालिका/नगरपालिकाको महिला तथा बालबालिका हेर्ने महाशाखा/शाखा प्रमुख- | सदस्य-सचिव |

२) समन्वय समितिमा आवश्यकतानुसार सरोकारवाला निकाय वा संस्थाबाट प्रतिनिधि आमन्त्रण गर्न सकिनेछ।

३) समन्वय समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक र आवश्यकतानुसार बस्न सक्नेछ ।

## स्थानीय तहमा पालिकास्तरीय संरक्षण विषयगत क्षेत्रको काम कर्तव्य र अधिकार

क) विपद्को समयमा जोखिममा पर्न सक्ने वर्ग महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक को आवश्यकतालाई सम्बोधन गर्ने आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने,

ख) विपदको अवस्थामा अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन अवधिमा सञ्चालन गर्नुपर्ने क्रियाकलापहरुको खाका तयार गर्ने,

ग) विपद्को अवस्थामा तत्काल संरक्षण तथा पुनः स्थापनाका लागि आवश्यक पर्ने सामाग्रीको बन्दोवस्त गर्ने र आवश्यकतानुसारका राहत सामग्री वितरण गर्ने व्यवस्था मिलाउने,

घ) स्थानीय पालिका भित्र संरक्षणका क्षेत्रमा कार्यरत संघ संस्थाहरुको सूची तयार गर्ने, स्रोत नक्शाङ्कन गर्ने, व्यवस्थापन गर्ने र महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको संरक्षणका लागि जो चाहिने कार्य गर्ने,

ङ) स्थानीय पालिकामा हुनसक्ने प्रकोपको प्रकृतिका आधारमा संरक्षण, राहत सामग्रीको बन्दोवस्त मिलाउने, संरक्षण विषयगत क्षेत्रका प्रतिकार्यको व्यवस्था मिलाउन र आवश्यकताअनुसार स्थानीय, जिल्ला, प्रदेश र केन्द्रस्तरको निकायसँग समन्वय गर्ने ।

च) विपद्बाट पीडित तथा प्रभावितहरुको तथ्याङ्क, सूचना तथा जानकारी सङ्कलन तथा अद्यावधिक गर्ने,

छ) पीडित तथा प्रभावितहरुका लागि विभिन्न संघ संस्थासङ्गको सहयोगमा मानव अधिकार संरक्षण, लैङ्गिक हिंसा रोकथाम, नियन्त्रण र व्यवस्थापन, बालसंरक्षण, मानव बेचविखन तथा ओसारपसार रोकथाम तथा नियन्त्रण, मनोसामाजिक विमर्श आदि जस्ता सेवा उपलब्ध गराउने,

ज) विपद्को अवस्थामा आवश्यकतानुसार स्वयंसेवक समूह, मनोविमर्शकर्ता, वा संस्थाहरुको प्राविधिक समूह बनाई परिचालन गर्ने,

झ) संरक्षण विषयगत क्षेत्रको विपद् व्यवस्थापन सम्बन्धी अनुगमन गरी प्राप्त सूचनाका आधारमा समीक्षा गरी थप सहयोग उपलब्ध गराउनु पर्ने अवस्थामा सम्बन्धित निकायसँग समन्वय गरी वितरणको व्यवस्था गर्ने,

ञ) विपद्को अवस्थामा जोखिममा परेका महिला, बालबालिका तथा अन्य व्यक्तिलाई उनीहरुको अवस्थाअनुसार संरक्षणका लागि सम्बन्धित निकायमा सम्प्रेषण गर्ने,

## प्रदेशस्तरीय संरक्षण विषयगत क्षेत्र समन्वय समिति

**१) प्रदेशस्तरीय संरक्षण विषयगत क्षेत्र समन्वय समितिको संरचना देहायवमोजिम हुनेछ :**

| | |
|---|---|
| क) सामाजिक विकास मन्त्रालयका सचिव- | संयोजक |
| ख) सामाजिक विकास मन्त्रालय, स्वास्थ महाशाखा/शाखा प्रमुख- | सदस्य |
| ग) सामाजिक विकास मन्त्रालय, शिक्षा महाशाखा/ शाखा प्रमुख - | सदस्य |
| घ) सामाजिक विकास मन्त्रालय, सामाजिक विकास महाशाखा प्रमुख- | सदस्य |
| ङ) आन्तरिक मामिला तथा कानुना मन्त्रालय , विपद् व्यवस्थापन सम्पर्क व्यक्ति- | सदस्य |
| ङ) स्वास्थ निर्देशनालय प्रमुख,- | सदस्य |
| च) शिक्षा निर्देशनालय प्रमुख- | सदस्य |
| छ) प्रदेशस्तरमा रहेका प्रहरी कार्यालयका प्रतिनिधि- | सदस्य |
| ज) प्रदेश बालअधिकार समितिको प्रतिनिधि- | सदस्य |
| झ) संरक्षण विषयगत क्षेत्रको सह नेतृत्वदायी निकायहरुको प्रतिनिधि- | सदस्य |
| ञ) नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि- | सदस्य |
| ट) प्रदेश स्तरमा कार्यरत संरक्षण विषयगत क्षेत्रमा कार्यरत संघ संस्था प्रतिनिधि- | सदस्य |
| ठ) महिला तथा बालबालिका महाशाखा/शाखा प्रमुख- | सदस्य- सचिव |

२) समन्वय समितिमा आवश्यकतानुसार सरोकारवाला निकाय वा संस्थाबाट प्रतिनिधि आमन्त्रण गर्न सकिनेछ ।

३) समन्वय समितिको बैठक, कम्तीमा तीन महिनामा एक पटक र आवश्यकतानुसार बस्न सक्नेछ ।

## प्रदेश स्तरीय संरक्षण विषयगत क्षेत्रको काम कर्तव्य र अधिकार

क) विपद्बाट पीडित तथा प्रभावित महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको संरक्षणका लागि प्रदेशस्तरीय नीति/रणनीति तयार गरी संरक्षण पूर्वतयारी तथा प्रतिकार्यका लागि सहज वातावरण मिलाउने,

ख) प्रदेश स्तरमा रहेका संरक्षणको क्षेत्रमा कार्यरत सरकारी गैरसरकारी संघ संस्थाहरुको समन्वय र सहकार्यमा स्रोत नक्शाङ्कन, व्यवस्थापन तथा वितरणको व्यवस्था मिलाउने र आवश्यकतानुसार स्रोत परिचालनमा सहयोग गर्ने,

ग) संरक्षणका क्षेत्रमा आइपर्ने विपद्का सम्भावनाहरुको सम्बन्धमा सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने,

घ) प्राप्त सूचनाका आधारमा तत्काल सम्बोधन गर्नुपर्ने विषयमा तुरुन्तै समन्वय र सेवा प्रवाह गर्ने र पछि सम्बोधन गर्नुपर्ने विषयमा विभिन्न निकायहरुसंग समन्वय गरी तयारी अवस्थामा रहने,

ङ) विपद्को समयमा पीडित तथा प्रभावित महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपङ्गता भएको व्यक्तिको संरक्षणको आवश्यकतालाई प्राथमिकता दिने गरी उद्धार तथा पुनः स्थापनाका लागि समूह तयार गरी परिचालन गर्न समन्वय र सहजीकरण गर्ने,

च) संरक्षण विषयगत क्षेत्रको विपद् व्यवस्थापनसम्बन्धी अनुगमन गरी प्राप्त सूचनाका आधारमा समीक्षा गरी थप सहयोग उपलब्ध गराउनु पर्ने आवश्यक रहेको अवस्थामा सम्बन्धीत निकायसँग समन्वय र वितरणको व्यवस्था मिलाउने,

छ) अन्य निकाय वा अन्तराष्ट्रिय संस्थाबाट आवश्यक सहयोग प्राप्त गर्नुपर्ने अवस्था भएका सम्बन्धित निकाय वा माध्यममार्फत अनुरोध गरी पठाउने र त्यसता निकायबाट प्राप्त सहयोग सामग्रीहरु जिल्ला व्यवस्थापन समन्वय समितिको समन्वयमा स्थानीय पालिकामार्फत वितरणमा सहयोग पुर्‍याउने,

ज) स्थानीय पालिकाबाट संप्रेषण भई आएका घटना (Case) को उचित व्यवस्थापनका लागि सहजीकरण गर्ने,

झ) पीडित तथा प्रभावितहरुका लागि विभिन्न संघ संस्थासङ्गको सहयोगमा मानव अधिकार संरक्षण, लैङ्गिक हिंसा रोकथाम, नियन्त्रण र व्यवस्थापन, बालसंरक्षण, मानव बेचविखन तथा ओसारपसार रोकथाम तथा नियन्त्रण, मनोसामाजिक विमर्श आदि जस्ता सेवा उपलब्ध गराउन सहजीकरण गर्ने ,

ञ) स्थानीय पालिकाबाट प्रतिवेदन सङ्कलन गरी प्रदेशस्तरीय प्रतिवेदन तयार गर्ने,

## जिल्लास्तरीय संरक्षण विषयगत क्षेत्र समन्वय समिति

१) जिल्लास्तरीय संरक्षण विषयगत क्षेत्र समन्वय समितिको संरचना **देहायबमोजिम हुनेछः**

| | |
|---|---|
| क) सहायक प्रमुख जिल्ला अधिकारी - | संयोजक |
| ख) जिल्ला समन्वय समितिको अधिकृत प्रतिनिधि - | सदस्य |
| ग) मानव अधिकार आयोगका जिल्ला स्तरका अधिकृत प्रतिनिधि- | सदस्य |
| घ) स्वास्थ्य कार्यलयका अधिकृत प्रतिनिधि- | सदस्य |
| ङ) नेपाल प्रहरी महिला तथा बालबालिका सेवा केन्द्रका अधिकृत प्रतिनिधि- | सदस्य |
| च) संरक्षण विषयगत क्षेत्रमा कार्यरत, गैर सरकारी संस्थाका प्रतिनिधि- | सदस्य |
| भ) अपाङ्गताको क्षेत्रमा कार्यरत जिल्लास्तरीय सञ्जाल/महासंघ/संघको अध्यक्ष, प्रतिनिधि- | सदस्य |
| छ) जिल्ला जेष्ठ नागरिक महासंघ/संघका अध्यक्ष, प्रतिनिध - | सदस्य |
| ज) नेपाल रेडकस सोसाइटी जिल्ला शाखाका अध्यक्ष, प्रतिनिधि- | सदस्य |
| भ) जिल्ला प्रशासन कार्यालयको विपद् व्यवस्थापन कार्यक्रम सम्पर्क व्यक्ति - | सदस्य- सचिव |

२) जिल्ला समन्वय समितिमा आवश्यकतानुसार अन्य निकाय वा संस्थाबाट प्रतिनिधि आमन्त्रण गर्न सकिनेछ।

३) जिल्ला समन्वय समितिको बैठक कम्तीमा महिनाको एक पटक र आवश्यकतानुसार बस्नेछ ।

**जिल्लास्तरीय संरक्षण विषयगत क्षेत्र समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

क) जिल्लाभित्र महिला, बालवालिका, जेष्ठ नागरिक तथा अपाङ्गता लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको क्षेत्रमा विपद्को अवस्थामा सम्वोधन गर्न आवश्यक सूचना तथा तथ्याङ्क सङकलन तथा अद्यावधिक गर्ने,

ख) सम्बन्धित ऐन, नियम, केन्द्रीय निकाय, संरक्षण क्षेत्रको केन्द्रीय तथा प्रदेशस्तरको समन्वय समितिको निर्णय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र महिला तथा बालबालिका विभागको निर्देशन समेतका आधारमा कार्य गर्ने,

ग) विपद्को अवस्थामा अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन अवधिमा सञ्चालन गर्नुपर्ने क्रियाकलापहरूको खाका तयार गर्ने,

घ) विपद् अवस्थामा तत्काल संरक्षण तथा पुनःस्थापना गर्नकालागि आवश्यक सामाग्रीको बन्दोवस्त गर्ने तथा संरक्षणका लागि राहत सामग्री प्रदान गर्ने,

ङ) संरक्षण क्षेत्रमा कार्यरत संस्थाहरूको क्षमता आँकलन गरी त्यस्ता संस्थाबाट उपलब्ध हुने संरक्षणका सामग्रीको सूची तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति, संरक्षण क्षेत्र प्रदेशस्तरीय तथा केन्द्रीय समन्वय समितिमा जानकारी पठाउने,

च) विपद् व्यवस्थापन जिल्ला समितिसँग प्रत्यक्ष समन्वयमा रही आवश्यकताका आधारमा उपलब्ध राहत सामग्री वितरण गर्ने व्यवस्थामा सहयोग पुर्‍याउने ।

छ) जिल्लामा हुनसक्ने प्रकोपको प्रकृतिका आधारमा राहत सामग्रीको बन्दोवस्त मिलाउने, अन्य संस्था वा देशहरूबाट प्राप्त सामग्रीको व्यवस्थापन गर्ने तथा अन्य संस्था वा देशबाट प्राप्त गर्न आवश्यक हुने राहतका सामग्रीका लागि संरक्षण विषयगत क्षेत्र विभागस्तर र केन्द्रीय समन्वय समितिमा लेखी पठाउने,

ज) आवश्यकतानुसार स्वंयसेवक समूह, मनोविमर्शकर्ता वा संस्थाहरूको प्राविधिक समूह बनाई विपद् अवस्थामा परिचालन गर्ने ।

१. विश्वभर कोविड -१९ (कोरोना भाइरस) को संक्रमण फैलिरहेको सन्दर्भमा नेपाल पनि उच्च जोखिममा रहेकोले यस्तो संक्रमणवाट महिला, बालबालिका, सुत्केरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तीहरु वढी जोखिममा पर्ने भएकोले सम्बन्धित वर्गलाई विशेष संरक्षण दिई जोखिममुक्त बनाउन सचेतनामूलक कार्यक्रम संचालन गर्न सम्बन्धित संघसंस्थाहरुलाई महिला तथा बालबालिका विभाग मार्फत निर्देशन दिने ।

२. कोरोना भाईरसको प्रतिकार्यका लागि पूर्वतयारी तथा सरोकारवालाहरुको समन्वयमा स्थानीयस्तरमा स्रोत साधन सङ्कलन, व्यवस्थापन तथा वितरणको व्यवस्था मिलाउन स्थानीय तहहरुलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत अनुरोध गर्ने ।

३. संरक्षण विषयगत क्षेत्रका सह नेतृत्वदायी निकाय एवं सम्बन्धित संघसस्थाहरुसँग आवश्यक समन्वय गरी संकटासन्न समूहहरुको पूर्व सावधानीका लागि मास्क, स्यानीटाईजर, औषधी, जस्ता आधारभूत आवश्यक वस्तुको संकलन तथा वितरणको व्यवस्थामा महिला तथा बालवालिका विभागले समन्वयकारी भूमिका निभाउने ।

४. यस सम्बन्धमा गरिएका कार्यहरुको नियमित रुपमा विभाग एवं मन्त्रालयलाई रिपोर्टिङ गर्ने ।साथै समन्वय र सहकार्यका लागि सम्पर्क व्यक्ति तोक्ने व्यवस्था मिलाउने ।

५. मनसुन परिवर्तनका सन्दर्भमा आउन सक्ने हावाहुरी, चटयाङ, आगलागी, बाढीपहिरो जस्ता विपद प्रतिकार्य योजना तयार/अद्यावधिक गर्ने ।

६. साविकमा जिल्लास्तरमा महिला तथा बालबालिका कार्यालयले गरि आएको संरक्षण विषयगत क्षेत्रको कार्य उक्त कार्यालयहरु स्थानीय तहमा समायोजन भएपश्चात यस विषयमा प्रदेश र स्थानीय तहमा समन्वय गर्न कठिनाई भएको सन्दर्भमा संघीय संरचना अनुरुप प्रदेशस्तरीय संरक्षण विषयगत क्षेत्र समिति गठनका लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय मार्फत प्रदेश सरकारलाई, जिल्ला स्तरीय संरक्षण विषयगत क्षेत्र समिति गठनका लागि गृह मन्त्रालय मार्फत जिल्ला प्रशासन कार्यालयलाई र स्थानीय तहमा संरक्षण विषयगत क्षेत्र समिति गठनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

७. संरक्षण विषयगत क्षेत्रको सदस्य संस्थाहरुको विवरण महिला तथा बालबालिका विभागले अद्यावधिक गर्ने ।

२०७६।११।२६